# कोल्हवी नगरपालिका

# स्थानीय राजपत्र

कोल्हवी नगरपालिकाद्धारा प्रकाशित

खण्ड ९ संख्या ७ मिति : २०८२।०८।०७


## भाग २

### स्थानीय सरकार

## कोल्हवी नगरपालिका

## सूचना

**महिला तथा बालबालिकालाई लक्षित (विशेष गरि विपन्न तथा दलित) आधारभूत स्वास्थ्य र पोषण स्थितिमा सुधारका लागि विशेष कार्यक्रम संचालन कार्यविधि, २०८२**

**प्रस्तावना:** निःशुल्क आधारभूत स्वास्थ्य सेवालाई नेपालको संविधानले नागरिकको मौलिक हकको रुपमा स्थापित गरेको छ। बिद्यमान कानूनले आम जनताको जनस्वास्थ्य, पोषण र शिक्षा लगायतका सेवामा अधिकतम पहुँचको लागि प्रदेश सरकार र स्थानिय सरकारलाई विशेष जिम्मेवार तुल्याएको छ। महिला तथा ५ वर्ष मुनिका बालबालिका (विशेष गरेर विपन्न र दलित) को

उचित व्यवहार परिवर्तन गरी स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार ल्याई आधारभूत स्वास्थ्य सेवाको पहुँच सुनिश्चित गर्न कोल्हवी नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७७ को दफा ४ ले दिएको अधिकार प्रयोग गरि गैर सरकारी क्षेत्रसँगको साझेदारीको माध्यमबाट **"महिला तथा बालबालिकालाई लक्षित (विशेष गरि विपन्न तथा दलित) आधारभूत स्वास्थ्य र पोषण स्थितिमा सुधारका लागि विशेष कार्यक्रम"** संचालन कार्यविधि, २०८२ नगर कार्यपालिका बैठकबाट स्वीकृत गरी लागू गरिएको छ ।

## परिच्छेद १

## नाम, प्रारम्भ र परिभाषा

१. **नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम **"महिला तथा बालबालिकालाई लक्षित (विशेष गरि विपन्न तथा दलित) आधारभूत स्वास्थ्य र पोषण स्थितिमा सुधारका लागि विशेष कार्यक्रम" संचालन कार्यविधि, २०८२"** रहेको छ ।

(२) यो कार्यविधि कोल्हवी नगरपालिकाको क्षेत्रभर लागू हुनेछ ।

(३) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अन्य अर्थ नलागेमा यस कार्यविधिमा,-

क) "कार्यविधि" भन्नाले **"महिला तथा बालबालिकालाई लक्षित ( विशेष गरि विपन्न तथा दलित) आधारभूत स्वास्थ्य र पोषण स्थितिमा सुधारका लागि विशेष कार्यक्रम"** संचालन कार्यविधि, २०८२ लाई सम्झनु पर्दछ ।

ख) "कार्यक्रम" भन्नाले संघीय सरकारबाट विशेष अनुदानको रुपमा नगरपालिकालाई हस्तान्तरित **"महिला तथा बालबालिकालाई लक्षित (विशेष गरि विपन्न तथा दलित) आधारभूत स्वास्थ्य र**

**पोषण स्थितिमा सुधारका लागि विशेष कार्यक्रम**" सम्झनु पर्दछ ।

ग) "नगर प्रमुख" भन्नाले कोल्हवी  नगरपालिकाको प्रमुखलाई सम्झनु पर्दछ ।

घ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले कोल्हवी नगरपालिकाको प्रमुख प्रशासकिय अधिकृतलाई सम्झनु पर्दछ ।

ङ) "कार्यालय" भन्नाले कोल्हवी नगरपालिकाको कार्यालय सम्झनु पर्दछ ।

च) "अनुदान" भन्नाले कोल्हवी नगरपालिकामा "**महिला तथा बालबालिकालाई लक्षित (विशेष गरि विपन्न तथा दलित) आधारभूत  स्वास्थ्य र पोषण स्थितिमा सुधारका लागि विशेष कार्यक्रम**" संचालन गर्न प्रदान गरिने नगद, जिन्सी वा प्रविधि समेतका सामग्रीलाई सम्झनु पर्दछ ।

छ) "अनुदानग्राही" भन्नाले यस कार्यविधि अनुरुप छनौट भएर अनुदानसँग सम्बन्धित कुनै पनि सेवा सुविधा प्राप्त गर्ने संघ वा संस्था सम्झनु पर्दछ ।

३. **उद्देश्यहरुः** यस कार्यक्रमका उद्देश्यहरु देहाय बमोजिम रहेका छन्:

- आमा र ५ वर्ष मुनिका बालबालिकाको स्वास्थ्य र पोषणको स्थितिमा सुधार ल्याउने ।
- स्वास्थ्य र पोषणको स्थितिको सुधारका लागि आमाहरुलाई लक्षित गरि पोषणलाई दैनिक आयआर्जनको ढांचासँग जोड्ने ।

- स्वास्थ्य संस्थाबाट प्राप्त हुने आधारभूत स्वास्थ्य सेवाको पहुँच अधिक घरधुरीसम्म पुऱ्याउने ।
- न्यून आय स्तरभएका र जोखिममा रहेका समुदायमा आधारभूत सेवाको पहुँचको सुनिचितता गर्ने ।
- पोषणयुक्त खाना, सन्तुलित आहार, खोप सेवा, सरसफाई र बालबालिकाको वृद्धी अनुगमन सम्बन्धी सूचना र सन्देश प्रवाह गरि लक्षित समूहको पोषण उचित आहार व्यवहारहरुको प्रवर्द्धन गर्ने ।
- विपन्न, न्यून आय भएका कुपोषित आमाहरुको समूहलाई आयआर्जन लगायतका सिपहरुको तालिम संचालन गरि उत्पादित वस्तुहरुको सामाजिक बजारीकरण गर्नुका साथै उनीहरुको आयआर्जनको सुनिश्चितता गर्ने ।
- उपलब्ध प्रतिफलको ढांचालाई स्थानिय स्तरको संरचनासँग जोडी आयोजनाको दिगोपनको सुनिश्चित गर्ने ।

## परिच्छेद २

४. **कार्यक्रमको लागि श्रोतः** नेपाल सरकारको राष्ट्रिय योजना आयोगको विशेष अनुदान अर्न्तगत नगरपालिकालाई प्राप्त "**महिला तथा बालबालिकालाई लक्षित (विशेष गरि विपन्न तथा दलित) आधारभूत स्वास्थ्य र पोषण स्थितिमा सुधारका लागि विशेष कार्यक्रम**" **को** लागि हस्तान्तरित रकम ।

## परिच्छेद ३

## संस्था छनौट प्रक्रिया

यस कार्यविधि मार्फत नगरपालिकाले कार्यक्रम कार्यान्वयनका लागि अनुभवी गैरसरकारी संस्था छनौट गर्नुपर्नेछ । सार्वजनिक खर्चलाई बढी खुल्ला, पारदर्शी र विश्वसनीय बनाउनका लागि निम्न देहायका प्रक्रिया अपनाउनु पर्नेछ ।

५. **कार्यक्रम कार्यान्वयनका लागि गैरसरकारी संस्था छनौट प्रक्रियाः** (१) आशयपत्र माग गर्न **अनुसूची-१** बमोजिमको सुचना प्रकाशित गरि योग्य आशयपत्रदाताको संक्षिप्त सूची तयार गर्नु पर्नेछः

क) यस कार्यक्रम कार्यान्वयन गर्न कम्तीमा ३० (तीस) दिनको अवधि दिई राष्ट्रियस्तरको समाचार पत्रमा आशयपत्र आव्हानको सुचना प्रकाशन गर्नुपर्ने छ । संस्थाको अनुभव दक्षता, योग्यता, माग गरिएका संस्थागत कागजातहरु लाई आधार मानी आशयपत्रदाताहरुको आशयपत्र लाई छनौट गरि सुचिकृत गरिने छ । यसरी छनौट भएका आशयपत्रदाताहरु बाट सुचना प्रकाशित गरि बिस्तृत प्रस्ताव माग गर्नु पर्नेछ ।

ख) एक वा एक भन्दा बढी गैरसरकारी संघ संस्थाले एकल वा संयुक्त उपक्रमको रुपमा आशयपत्र दाखिला गर्न सक्नेछन् । तर यसरी संयुक्त उपक्रम कायम गर्दा दोहोरो पर्ने गरी संयुक्त उपक्रम गर्न सकिने छैन ।

ग) प्रथम पटकको सूचना बमोजिम आशयपत्रदाताको छनौट गर्दा कम्तीमा ३ वटा आशय पत्रदाता छनौट हुन नसकेमा नगरपालिकाले पुनः राष्ट्रियस्तरको समाचार पत्रमा सूचना

प्रकाशन गरी १५ (पन्ध्र) दिनको अवधी दिई आशयपत्र माग गर्नु पर्नेछ ।

घ) दोस्रो पटक सूचना प्रकाशन गर्दा पनि कम्तिमा तीनवटा आशयपत्र छनौट हुन नसकेको खण्डमा भएका जति आशयपत्रदाताको मात्र सूची कायम गर्न सकिनेछ ।

ङ) आशयपत्रदाताले खुलाउनु पर्ने विवरणः

१. संघ संस्थाको संस्थागत बिस्तृत विवरण,

२. विगतका वर्षहरुमा समान प्रकृतिका गरेको काम र स्थानको विवरण ।

३. प्रस्तावित कार्यमा संस्थाको तर्फ बाट संलग्न हुने प्रमुख जनशक्तिको वैयक्तिक विवरण ।

६. **यस कार्यविधि बमोजिम पर्न आएका आशयपत्रदाताको योग्यता, अनुभव र क्षमता समेत मूल्यांकन गरी नगरपालिकाले आशयपत्रदाताको छनौट गर्नुपर्नेछ । छनौटका आधारहरु देहाय बमोजिम हुनेछन् :**

क) आशयपत्रदाताले पेश गर्ने संस्थाको दर्ताको प्रमाणपत्र, मु.अ. कर दर्ता प्रमाणपत्र र नवीकरण, करचुक्ता प्रमाणपत्र, कार्यानुभव पत्र, विगत तीन आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन, नियमनकारी निकायको अनुमति पत्र (अनुमतिपत्र लिनुपर्नेको हकमा) । आशयपत्रका साथ प्रतिलिपीहरु पेश गरेको हुनुपर्नेछ ।

७. **क्षेत्रगत कार्य विशेषज्ञता :** मातृ शिशु तथा बाल्यकालिन पोषण, आपतकालिन पोषण, व्यवहार परिर्वतन संचार, सुनौलो १००० दिन अर्न्तगतका क्रियाकलाप एवम् पोषण सम्बन्धी प्रचारात्मक एवम् प्रवर्द्धनात्मक कार्यमा संलग्न भएको संस्था हुनुपर्नेछ ।

८. **क्षेत्रगत कार्य अनुभव :** विगतको वर्ष देखि अनवरत रुपमा राष्ट्रिय, प्रादेशिक तथा स्थानिय स्तरमा माथि उल्लेखित क्षेत्रहरुमा आफ्नो सेवा परामर्श प्रदान गरेको । पोषण–विशेष र पोषण संवेदनशील तथा स्वास्थ्य शिक्षा तथा संचारको क्षेत्रहरुमा नीति तथा योजना तर्जुमा गर्न सरकारी निकायलाई सहयोग पुऱ्याएको अनुभव भएको । साथै संयुक्त राष्ट्र संघीय निकाय तथा अर्न्तराष्ट्रिय गैर सरकारी संस्थाहरु संग सहकार्यको अनुभव भएको हुनुपर्नेछ ।

९. **कार्य सम्पन्न गरेको अनुभव तथा प्रमाणहरु :** सरकारी कार्यालय, संयुक्त राष्ट्र संघीय निकाय तथा अर्न्तराष्ट्रिय गैर सरकारी संस्थाहरु बाट राष्ट्रिय तथा स्थानीय तहसँग पोषण सम्बन्धी परियोजनाहरु सफलतापूर्वक सम्पन्न गरेका बिगतको वर्षहरुको अनुभव तथा प्रमाणहरु आशयपत्रका साथ संलग्न हुनु पर्नेछ । संस्थाले बिगतमा सम्पन्न गरेको कार्यक्रमको रकम खुल्ने सम्झौता पत्रको प्रतिलीपी अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

१०. **जनशक्तिको विशेषज्ञता :** पोषण विशेष, पोषण संवेदनशील र जनस्वास्थ्यका क्षेत्रहरुमा कार्यक्रम, रणनिती तथा निर्देशिका तयार गर्ने र कार्यक्रम सम्बन्धि कार्यान्वयनको खाका, अनुगमन, मुल्याकंन र सर्वेक्षण तथा अनुसन्धान लगायतका कार्यहरुमा विशेषज्ञता हासिल गरेका जनशक्तिहरु भएको संस्था । संस्था संग हाल कार्यरत रहेको कम्तीमा ३ जना दक्ष जनशक्तीको विवरण निम्न बमोजिम पेश गर्नु पर्नेछ ।

| सि.न. | जनशक्ती | शैक्षिक योग्यता | कार्य अनुभव | व्यक्तिगत विवरण (बायोडाटा) |
|---|---|---|---|---|
| १. | | | | |

| | | | | |
|---|---|---|---|---|
| २. | | | | |
| ३. | | | | |

**११. कार्य सम्पादन गर्ने प्रस्तावित तरिका (मेथोडोलोजी) गुणस्तर :** यो कार्यक्रम कार्यान्वयनका लागि संघसंस्था बाट विस्तृत कार्यपद्धती, ढाँचा र कार्ययोजना पेश गर्नु पर्ने छ। कार्यक्रम समापन पश्चात कार्यक्रमको दिगोपनको आधारहरु समेत पेश गर्नु पर्नेछ।

**१२. ज्ञान तथा प्रविधि हस्तान्तरण :** (१) कार्यक्रम संचालन र सम्पन्न भएपछि प्राप्त अनुभव ज्ञान र शिप लाई सम्बन्धित निकायमा क्रमशः समाहित गर्दै कार्यक्रम बाट प्राप्त मुख्य उपलब्धी र सिकाईहरुलाई भविष्यमा उपयोग गर्ने गरि नगरपालिका अर्न्तगतका जनशक्ती र आम नागरिकलाई सशक्तीकरण गर्न टेवा पुर्याउनु पर्नेछ।

(२) आशयपत्र सहितको निवेदन **अनुसूची २** बमोजिमको ढाँचामा बुझाउनु पर्नेछ।

**१३. आशयपत्र तथा बिस्तृत प्रस्ताव माग गर्ने:** आशय पत्र आह्वानको सूचना दफा ५ बमोजिम संक्षिप्त सूची तयार भएपछि नगरपालिकाले सो संक्षिप्त सूचीमा परेका आशयपत्रदाताहरुलाई प्रस्ताव सम्बन्धी कागजात **अनुसूची-३** बमोजिम पठाई कम्तीमा १५ दिनको समय दिई प्रस्ताव माग गर्नुपर्नेछ। प्रस्ताव माग सम्बन्धी कागजातमा देहायका कुराहरु उल्लेख गर्नुपर्नेछः

क) कार्यक्रमको प्रकृति, अनुमानित लागत, अवधि, स्थान, सम्पन्न गर्नुपर्ने कार्य र अपेक्षित परिणाम।

ख) **अनुसूची-४** र **अनुसूची-५** बमोजिमको ढाँचामा प्राविधिक र आर्थिक प्रस्ताव अलग अलग खाममा राखी सिलबन्दी गरी प्रत्येक

खामको बाहिर कुन प्रकारको प्रस्ताव हो स्पष्ट रुपमा उल्लेख गरी दुबै प्रस्तावलाई अर्को छुट्टै खाममा सिलबन्दी गरी माग गुर्नपर्नेछ । अनलाइन प्रस्ताव पेश गर्ने आशयपत्रदाताको हकमा नगरपालिकाले तोकेको ईमेलमा पि.डी.एफ फरम्याटमा आर्थिक र प्राविधिक प्रस्ताव पेश गर्नु पर्नेछ ।

ग) प्राविधिक तथा आर्थिक मूल्यांकन भार,

घ) प्रस्ताव पेश गर्नुपर्ने स्थान, मिति र समय,

ङ) प्रस्ताव छनौट प्राविधिक प्रस्तावको गुणस्तर तथा लागत विधिबाट छनौट गरिने छ ।

च) तोकिए बमोजिमका अन्य कुरा ।

**१४. प्रस्ताव छनौट समिति गठन :** (१) कार्यक्रमको लागि पेश गरिएका आशयपत्र तथा प्रस्तावहरुको मूल्याङ्कन गरी छनौटको लागि सिफारिस गर्न देहाय बमोजिमको प्रस्ताव छनौट समिति गठन गरिनेछ :-

क) प्रमुख प्रशासकीय अधिकृत - संयोजक

ख) लेखा अधिकृत - सदस्य

ग) योजना अधिकृत - सदस्य

घ) स्वास्थ्य शाखाको प्रमुख - सदस्य सचिव

ङ) नगरपालिका प्रमुख - विशेष आमन्त्रित सदस्य

(२) उपदफा (१) बमोजिमको समितिले आवश्यकता अनुसार विषय विज्ञ वा अन्य कर्मचारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

**१५.** **प्रस्ताव मुल्याङ्कनको अंकभार :** कुल अंकभार एक सय मध्ये प्राविधिक प्रस्तावको अंकभार अस्सी (८०) तथा आर्थिक प्रस्तावको अंकभार बीस (२०) हुनेछ । प्राविधिक र आर्थिक प्रस्तावको संयुक्त मूल्यांकन गरी सबैभन्दा बढी अंक प्राप्त गर्ने प्रस्तावदाताको प्रस्ताव छनौट गर्नुपर्नेछ । कार्यक्रमको प्रकृति हेरि कार्यको गुणस्तर र दीगोपन सुनिश्चित गर्न प्राविधिक प्रस्तावलाई बिशेष प्राथमिकता दिई प्रस्ताव लाई छनौट गर्न सकिने छ ।

**१६.** **प्राविधिक प्रस्ताव मूल्याङ्कन गर्ने आधारहरु र अङ्कभार देहाय बमोजिमका हुनेछन्:**

क. **क्षेत्रगत कार्य विशेषज्ञता –** कुल अङ्कको पन्ध्र प्रतिशत

ख. **क्षेत्रगत कार्य अनुभव–** कुल अङ्कको पन्ध्र प्रतिशत (प्रति अनुभव बर्ष १.५ प्रतिशतका दरले गणना गरि अधिकतम १५ प्रतिशत मात्र दिइनेछ) ।

ग. **कार्य सम्पन्न गरेको अनुभव तथा प्रमाणहरु –** कुल अङ्कको पन्ध्र प्रतिशत( पेश गरेको प्रमाण प्रति अनुभव बर्ष १.५ प्रतिशतका दरले गणना गरि अधिकतम १५ प्रतिशत मात्र दिइनेछ) ।

घ. **जनशक्तिको विशेषज्ञता –** कुल अङ्कको दश प्रतिशत

ङ. **कार्य सम्पादन गर्ने प्रस्तावित तरिका (मेथोडोलोजी) गुणस्तर-** कुल अङ्कको बीस प्रतिशत

च. **ज्ञान तथा प्रविधि हस्तान्तरण व्यवस्था-** कुल अङ्कको पाँच प्रतिशत

छ. आर्थिक प्रस्तावको अंकभार बीस प्रतिशत

**१७.** दफा १६ बमोजिम अङ्कभार उल्लेख गर्दा ५० अङ्क प्राप्त प्राविधिक प्रस्ताव उत्तीर्ण भएको मानिने छ ।

## परिच्छेद ४

## कार्यक्रम संचालन तथा व्यवस्थापन

**१८. कार्यक्रम संचालन, व्यवस्थापन, अनुगमन र सहजीकरणका लागि देहाय बमोजिमको कार्यक्रम अनुगमन तथा समन्वय समिति रहनेछः-**

क) नगरपालिका नगर उपप्रमुख - संयोजक

ख) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

ग) कार्यक्रम कार्यान्वयन गर्ने संस्थाको प्रतिनिधि १ जना - सदस्य

घ) लेखा शाखा प्रमुख - सदस्य

ङ) योजना शाखा प्रमुख - सदस्य

च) स्वास्थ्य शाखा प्रमुख - सदस्य सचिव

**१९. कार्यक्रम अनुगमन तथा समन्वय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन्ः-**

क) कार्यक्रम संचालनको विधि र रुपरेखामा आवश्यक परामर्श दिने र सहजिकरण गर्ने ।

ख) कार्यक्रम संचालनको क्रममा अनुगमन र नियमित समीक्षा गर्ने ।

ग) कार्यक्रम संचालनकर्ता संस्था बाट प्रगती विवरण लिई त्रैमासिक रुपमा भुक्तानीको लागि सिफारिस गर्ने ।

घ) कार्यक्रम संचालनको लागि आवश्यक व्यवस्थापकीय कार्य गर्न समन्वय गर्ने ।

ङ) कार्यक्रम संचालन सम्बन्धी अन्य आवश्यक निर्देशन दिने ।

२०. **प्रस्ताव छनौट समितिको काम कर्तव्य र अधिकारः** प्रस्ताव छनौट समितिले यस कार्यविधिमा उल्लेख गरिएको मापदण्डको आधारमा प्रस्ताव छनौट आवश्यक प्रक्रिया अगाडी बढाउनु पर्नेछ ।

२१. **कार्यक्रमको कार्यान्वयन ढाँचा देहाय बमोजिमको हुनेछ :**

क) लाभग्राही समूहहरुले कार्यक्रम मार्फत अनुदान स्वरुप रकम तथा भौतिक सामग्री प्राप्त गर्न सक्नेछन् ।

ख) कार्यक्रमले समेट्ने लाभग्राहीलाई समूहमा आवद्ध गराई संगठित रुपमा श्रोत व्यवस्थापन गर्न सकिनेछ ।

ग) कार्यक्रमको प्रारम्भिक चरणमा सेवा पाएका लाभग्राहीहरुले आफुले पाएको सेवा सुविधा बराबरको सामाग्री अन्य लाभग्राहीहरुलाई प्रदान गर्नका लागि उप-समूहहरु बनाई कार्यक्रम कार्यान्वयन गर्न सकिने छ ।

घ) कार्यक्रम कार्यान्वयनको क्रममा लाभग्राहीहरुलाई विभिन्न किसिमका औपचारिक तथा अनौपचारिक तालिम तथा अभिमूखिकरण संचालन गरिने छ ।

ङ) संस्थाले परिचालन गर्ने बैंक खातामा नगरपालिकाले रकम उपलब्ध गराई कार्यक्रम संचालन गरिनेछ ।

च) कार्यक्रम संचालन गर्न नगरपालिकाले त्रैमाशिक रुपमा चार किस्तामा संस्थाको बैंक खातामा पेश्की स्वरुप रकम उपलब्ध गराउनेछ । जस अर्न्तगत कुल स्विकृत बजेटको पहिलो किस्ता बापत ४० प्रतिशत, दोस्रो किस्ता ३५ प्रतिशत , तेस्रो किस्ता १५ प्रतिशत र चौथो किस्ता १० प्रतिशत सम्म पेश्की प्रदान गर्न सकिनेछ। कुनै विशेष कारणवस स्वीकृत किस्ता अन्तर्गतको रकम

निकासा नभएमा नगरपालिकाले आगामी किस्तामा थप गरी निकासा गर्न सक्नेछ ।

छ) संस्थाले नगरपालिकालाई उपलब्ध गराएको त्रैमासिक प्रगति प्रतिवेदन र मु.अ.कर बिजकका आधारमा पेश्की फरछ्यौंट गरी आगामी त्रैमासिक बजेट निकासाका लागि पेश्की माग गर्नुपर्नेछ । चालू आर्थिक वर्षको बिचमा बजेट संशोधन गर्न आवश्यक परेको खण्डमा अनुगमन तथा समन्वय समितिले बैठक बसी परिमार्जन वा संशोधन गर्न सक्नेछ ।

ज) कुनै बिशेष प्रतिकुल परिस्थितीमा कुल स्विकृत रकम चालु आर्थिक वर्षमा खर्च नभएको खण्डमा बाँकी रकम आगामी आर्थिक वर्षमा समायोजन गरेर संस्थाले कार्यक्रम संचालनमा खर्च गर्न सक्नेछ ।

२२. **अनुदान उपलब्ध गराउने :** नगरपालिकाले स्वीकृत कार्यक्रम बमोजिम कार्यक्रमहरुको उद्धेश्य अनुरुप आवश्यकता निर्धारण गरी कार्यक्रम संचालित क्षेत्रका लाभग्राहीहरुको लागि निम्न बमोजिम अनुदान उपलब्ध गराउन सक्नेछ ।

क) अनुदानको रुपमा लाभग्राहीहरुलाई भौतिक सामाग्री वा रकम उपलब्ध गराउन सकिनेछ ।

ख) अनुदानको प्रकार र सीमा अनुगमन तथा मूल्यांकन समिति र कार्यक्रम संचालन गर्ने संस्थाले निर्धारण गर्नेछन् ।

ग) अुनदानका लागि लाभग्राही छनौट गर्दा कार्ययोजनामा उल्लेख भए अनुसार भौतिक तथा नगद अनुदान प्रदान गर्नको लागि अनुगमन तथा मूल्यांकन समितिले नगरपालिकासँग भएको

तथ्यांकको आधारमा वास्तविक आवश्यकता पहिचान गरी लाभग्राही छनौट गर्नेछ ।

घ) अनुदान सामाग्री वितरण प्रक्रियाः

१. अनुदान प्रक्रियालाई पारदर्शी बनाउनको निम्ति लाभग्राहीहरुको समुह गठन गरी अनुदान वितरण गर्न सकिनेछ ।

२. भौतिक सामाग्री वितरण प्रक्रिया स्वास्थ्य शाखाका कर्मचारी वा वडा कार्यलयका प्रतिनिधिको रोहबरमा गरिनेछ ।

३. नगद अनुदान दिइने हकमा लाभग्राहीसँग भएको सम्झौता वा अनुदानको मापदण्डमा उल्लेख गरिए अनुसारको आफ्नो हिस्साको कार्य सम्पन्न गरे पछि सम्बन्धित संस्थाले अनुदान तर्फको रकम भुक्तानी गर्न सक्नेछ ।

४. भौतिक तथा नगद अनुदान दुबैको हकमा संस्थाले सम्पूर्ण प्रक्रियाको अभिलेख राख्नुपर्नेछ ।

५. वितरण गर्नु पर्ने भौतिक सामाग्री विशेष प्रकृतिका भएमा वा सहज रुपमा उपलब्ध हुन नसकेको खण्डमा, धेरै संख्यामा गुणस्तरीय वस्तु उपलब्ध हुन नसकेमा तथा भू-परिवेशको भिन्नताको कारण एक स्थानबाट अर्को स्थानसम्म लैजान उपयुक्त नहुने वस्तुको हकमा तोकिएका प्राविधिक मापदण्ड पूरा गरी लाभग्राहीहरुको समिति गठन गरि वडा कार्यलयको रोहबरमा स्थानिय तहमा संस्था मार्फत सोझै खरिद तथा वितरण गर्न सकिने छ ।

## परिच्छेद ५

## सम्झौता, प्रतिवेदन, अनुगमन तथा मूल्यांकन

२३. **सम्झौताः** कार्यक्रमको सम्झौता प्रस्तावना छनौट समितिको सिफारिसमा नगरपालिकाको निर्णय बमोजिम १५ दिनभित्र प्रमुख प्रशासकीय अधिकृतले **अनुसूची ६** बमोजिमको ढाँचामा गर्नुपर्नेछ ।

२४. **कार्यक्रम कार्यान्वयनको प्रगति प्रतिवेदन :** कार्यक्रमको प्रगति प्रतिवेदन **अनुसूची ७** बमोजिमको ढाँचामा पेश गर्नुपर्नेछ र संस्थाले कार्यक्रमको प्रकृति र आवश्यकता अनुसार त्रैमासिक र वार्षिक प्रगति प्रतिवेदन पेश गर्नुपर्नेछ ।

२५. **अनुगमन तथा समिक्षाः** कार्यक्रम अनुगमन तथा समन्वय समितिले त्रैमासिक रुपमा कार्यक्रमको अनुगमन तथा समिक्षा गर्नु पर्नेछ ।

## परिच्छेद ६

## विविध

२६. **बिड बोन्ड (Bid Bond) तथा पर्फमेन्स बोन्ड ( Performance Bond):** आशयपत्र आव्हानको सुचना बमोजिम नगरपालिकामा तोकिएको अवधि भित्र पेश हुन आएका आशयपत्रहरुको मुल्याकंन पश्चात छनौट भएका आशयपत्र दाताहरुबाट बिस्तृत प्रस्ताव मागको सुचना प्रकाशित गर्नु पर्नेछ । प्राप्त हुने बिस्तृत प्रस्तावका साथमा नगरपालिकाद्वारा प्रकाशित सूचनामा तोकिए बमोजिमको बिड-बोन्ड (Bid Bond) वापतको रकम जम्मा गरेको कागजात अनिवार्य रुपमा पेश गर्नु पर्नेछ । साथै कार्यक्रम कार्यान्वयन गर्न स्वीकृत आशयपत्रपत्रदाताले ( संस्था) कार्य सम्पादन जमानत (Performance

Bond) वापत नगरपालिकाले तोके अनुसारको रकम बराबरको १४ महिना म्याद भएको कागजात पेश गर्नु पर्नेछ ।

२७. **लेखापरीक्षणः** (१) कार्यक्रमको अन्तिम लेखापरीक्षण आर्थिक वर्ष समाप्त भए पश्चात प्रचलित कानून बमोजिम नगरपालिकाले गर्नुपर्नेछ ।

(२) कार्यक्रमको आन्तरिक लेखापरीक्षण प्रचलित कानून बमोजिम गराउनु पर्नेछ ।

(३) संस्थाले कार्यक्रमको खर्चको वार्षिक लेखा परीक्षण प्रत्येक आ.व.को समापनपछि नेपालको कानून बमोजिम लेखा परीक्षण गर्न योग्य लेखा व्यवसायीबाट गराउनु पर्नेछ ।

२८. **समन्वयः** कार्यक्रम व्यवस्थितरुपमा सञ्चालन गर्नको लागि सरोकारवाला, नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारका निकायहरु बीच कार्यक्रम अनुगमन तथा समन्वय समितिले समन्वय गर्नुपर्नेछ ।

२९. **कसुर र सजायः** (१) कार्यक्रमको सम्झौता पश्चात योजना सम्पन्न नगरी छोड्न पाइने छैन । यदि बीचैमा छोडेमा छोड्ने पक्षले उक्त समय सम्मको कार्य जिम्मेवारी र आर्थिक दायित्व वहन गर्नुपर्नेछ ।

(२) कार्यक्रमको सम्झौता बमोजिम काम नगरेमा वा समयमा काम पुरा नगरेमा बाँकी किस्ता रोक्का गरिने छ । यस्तो निर्णय गर्नुपूर्व सम्बन्धित पक्षलाई सफाई पेश गर्न मौका प्रदान गर्नु पर्नेछ ।

३०. **उत्तरदायित्वः** कार्यक्रम सञ्चालनको उत्तरदायित्व नगरपालिका र सो अर्न्तगतका निकायहरु एवं सम्बन्धित संस्थाले समान रुपमा वहन गर्नु पर्नेछ ।

३१. **संशोधन तथा हेरफेरः** यस कार्यविधीको कार्यान्वयनलाई व्यवस्थित र प्रभावकारी बनाउन नगरपालिकाले आवश्यकता अनुसार संशोधन तथा हेरफेर गर्न सक्नेछ ।

३२. **बाधा अड्काउ फुकाउन र व्याख्या गर्न सक्नेः** यस कार्यविधिमा थपघट, हेरफेर, संशोधन, व्याख्या गरि बाधा अड्काउ फुकाउन सक्ने अधिकार नगर कार्यपालिकाको हुनेछ ।

३३. **प्रचलित कानून लागु हुनेः** कार्यक्रम कार्यान्वयनको सम्बन्धमा यस कार्यविधिमा व्यवस्था भएकोमा सोही बमोजिम र अन्य व्यवस्थाका सम्बन्धमा प्रचलित कानून बमोजिम हुनेछ ।

३४. **संस्थाहरुले पेश गरेका कार्यक्रम सचालन सम्बन्धि प्रस्तावहरु लाई पुर्ण वा आंशिक रुपमा स्विकृत वा अस्विकृत गर्ने सम्पुर्ण अधिकार नगरपालिकामा निहित रहने छ ।**

३५. **खारेजी र बचाउः** संघीय, प्रादेशिक तथा कोल्हवी नगरपालिकाको मूल कानूनसँग बाझिएको हदसम्म यो कार्यविधि अमान्य हुनेछ ।

## अनुसूची १

**(दफा ५ को (१) सँग सम्बन्धित)**

कोल्हवी नगरपालिका
नगरपालिकाको कार्यालय
बारा, मधेश प्रदेश, नेपाल

## “महिला तथा बालबालिकालाई लक्षित (विशेष गरि विपन्न तथा दलित) आधारभूत स्वास्थ्य र पोषण स्थितिमा सुधारका लागि विशेष कार्यक्रम” संचालन गर्न इच्छुक गैरसरकारी संघ संस्थाको लागि आशय पत्र आह्वानको सूचना

प्रथम पटक सूचना प्रकाशित मिति : ............

कोल्हवी नगरपालिकाले स्वास्थ्यको क्षेत्रमा गैर सरकारी संघसस्थाको साझेदारीमा काम गर्ने उद्देश्यले “विशेष कार्यक्रम सञ्चालन कार्यविधि २०८२” कार्यान्वयनमा ल्याएको छ । यसै कार्यविधिको अधिनमा रही आर्थिक वर्ष २०८२/८३ देखि शुरु हुने गरी १ वर्षिय रुपमा **“महिला तथा बालबालिकालाई लक्षित (विशेष गरि विपन्न तथा दलित) आधारभूत स्वास्थ्य र पोषण स्थितिमा सुधारका लागि विशेष कार्यक्रम”** सञ्चालन गर्नका लागि आवश्यक योग्यता पुगेका इच्छुक गैरसरकारी संस्थाहरुबाट यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० (तीस) दिन भित्र नगरपालिकाको कार्यालयमा कार्यालय समय भित्र आशय पत्र पेश गर्न आह्वान गरिएको छ । यस सम्बन्धी विस्तृत विवरण नगरपालिकाको वेवसाइट www.kolhabimun.gov.np बाट डाउनलोड गर्न वा नगरपालिकाको कार्यालयबाट प्राप्त गर्न सकिन्छ । योग्यता नपुगेका,

आवश्यक विवरणहरु र कागजात संलग्न नभएको प्रस्ताव उपर कारवाही हुने छैन ।

.................................

प्रमुख प्रशासकिय अधिकृत

## नगरपालिको वेवसाइटमा प्रकाशन गर्ने सूचनाको नमुना

प्रथम पटक सूचना प्रकाशित मिति : ............

कोल्हवी नगरपालिकाले स्वास्थ्यको क्षेत्रमा गैर सरकारी संघसस्थाको साझेदारीमा काम गर्ने उद्देश्यले "विशेष कार्यक्रम सञ्चालन कार्यविधि २०८२" कार्यान्वयनमा ल्याएको छ । यसै कार्यविधिको अधिनमा रही आर्थिक वर्ष २०८२/८३ देखि शुरु हुने गरी १ वर्षिय रुपमा **"महिला तथा बालबालिकालाई लक्षित (विशेष गरि विपन्न तथा दलित) आधारभूत स्वास्थ्य र पोषण स्थितिमा सुधारका लागि विशेष कार्यक्रम"** सञ्चालन गर्नका लागि आवश्यक योग्यता पुगेका इच्छुक गैरसरकारी संस्थाहरुबाट यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० (तीस) दिन भित्र नगरपालिकाको कार्यालय समय भित्र आशय पत्र पेश गर्न आह्वान गरिएको छ । आशय पत्रको ढाँचा यस नगरपालिकाको वेवसाइट www.kolhabimun.gov.np बाट डाउनलोड गर्न वा नगरपालिकाको कार्यालयबाट प्राप्त गर्न सकिन्छ। इच्छुक योग्यता पुगेका गैर सरकारी संघसस्थाले तोकिएको ढाँचामा आशय पत्र र सो को साथ निम्नानुसारको कागजात पेश गर्नुपर्ने छ। म्याद नाघि आएका तथा रित नपुगेका आशय पत्र स्वीकार गरिने छैन । आशय पत्रदाताको योग्यता, अनुभव र क्षमताको आधारमा आशय पत्रको मुल्याङ्कन गरिनेछ ।

**आशयपत्रका साथ संलग्न हुनुपर्ने कागजातहरु**

१. आशयपत्र पेश सम्बन्धी निवेदन,
२. आशयपत्र साथ संस्थाको विवरण भरेको फारम
३. आशयपत्र पेश गर्ने संस्थाको दर्ताको प्रमाणपत्र र संस्थाको दर्ता नवीकरण
४. मु.अ. कर दर्ता प्रमाणपत्र र करचुक्ता प्रमाणपत्र

५. विगत तीन आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन
६. नियमनकारी निकायको अनुमति पत्र (अनुमतिपत्र लिनुपर्नेको हकमा)
७. संयुक्त उपक्रममा कार्य गर्ने संस्थाहरुको हकमा दुबै संस्था बीचको कार्य जिम्मेवारी खुल्ने सम्झौता पत्रको सक्कल १ प्रति,
८. प्रस्तावना पेश गर्ने संस्थाको अख्तियार प्राप्त व्यक्तिको नागरिकताको प्रतिलिपी १ प्रति,
९. संस्था कालो सूचीमा नपरेको स्वघोषणा पत्रको सक्कल १ प्रति,
१०. गैर संघसंस्थाको बिस्तृत विवरण (प्रोफाईल),
११. विगतका वर्षहरुमा समान प्रकृतिको गरेको काम र स्थानको विवरण,
१२. प्रस्तावित कार्यमा संलग्न हुने प्रमुख जनशक्तिको वैयक्तिक विवरण,
१३. क्षेत्रगत कार्य विशेषज्ञताको प्रमाण खुल्ने कागजातहरुको प्रतिलिपि, ( मातृ शिशु तथा बाल्यकालिन पोषण, आपतकालिन पोषण, व्यवहार परिर्वतन संचार, सुनौलो हजार दिन अर्न्तगतका क्रियाकलाप एवम् पोषण सम्बन्धी प्रचारात्मक एवम् प्रवर्द्धनात्मक कार्यमा संलग्नता भएको संस्था)
१४. क्षेत्रगत कार्य अनुभवको प्रमाण खुल्ने कागजातहरुको प्रतिलिपि, ( विगतका वर्ष देखि अनवरत रुपमा राष्ट्रिय, प्रादेशिक तथा स्थानिय स्तरमा माथि उल्लेखित क्षेत्रहरुमा आफ्नो सेवा परामर्श प्रदान गरेको) । पोषण, विशेष पोषण संवेदनशील तथा स्वास्थ्य शिक्षा तथा संचारको क्षेत्रहरुमा नीति तथा योजना तर्जुमा गर्न सरकारी निकायलाई सहयोग पुर्‍याएको अनुभव भएको । साथै संयुक्त राष्ट्र संघीय निकाय तथा अर्न्तराष्ट्रिय गैर सरकारी संस्थाहरु संग सहकार्यको अनुभव भएको)
१५. सफलतापूर्वक कार्य सम्पन्न गरेको अनुभवको प्रमाण खुल्ने कागजातहरुको प्रतिलिपि, (सरकारी कार्यालय, संयुक्त राष्ट्र संघीय निकाय तथा अर्न्तराष्ट्रिय गैर सरकारी संस्थाहरु बाट राष्ट्रिय तथा

स्थानीय तहसँग पोषण सम्बन्धी परियोजनाहरु सफलतापूर्वक सम्पन्न गरेको विगतका वर्षहरुको अनुभव तथा संस्थाले बिगतमा सम्पन्न गरेको कार्यक्रमको रकम खुल्ने सम्झौता पत्रको प्रतिलीपी)

१६. जनशक्तिको विशेषज्ञता अन्तर्गत पोषण विशेष, पोषण संवेदनशील र जनस्वास्थ्यका क्षेत्रहरुमा कार्यक्रम, रणनिती तथा निर्देशिका तयार गर्ने र कार्यक्रम सम्बन्धि कार्यान्वयनको खाका, अनुगमन, मुल्याकंन र सर्वेक्षण तथा अनुसन्धान लगायतका कार्यहरुमा विशेषज्ञता हासिल गरेका सस्था संग हाल उपलब्ध ३ जना दक्ष जनशक्तिहरु को विवरण)

| सि.न. | जनशक्ती | शैक्षिक योग्यता | कार्य अनुभव | व्यक्तिगत विवरण बायोडाटा) |
|---|---|---|---|---|
| १. | | | | |
| २. | | | | |
| ३. | | | | |

१७. कार्य सम्पादन गर्ने प्रस्तावित तरिका (मेथोडोलोजी) गुणस्तर सम्बन्धि विवरण -

१८. यो कार्यक्रम कार्यान्वयनका लागि संघसस्था बाट विस्तृत कार्यपद्धती, ढाँचा र कार्ययोजना संक्षिप्त रुपमा पेश गर्नु पर्ने छ। कार्यक्रम समापन पश्चात कार्यक्रमको दिगोपनको आधारहरु पेश गर्नु पर्ने छ।

१९. ज्ञान तथा प्रविधि हस्तान्तरण विवरण -

२०. कार्यक्रम संचालन र सम्पन्न भएपछि प्राप्त अनुभव ज्ञान र शिप लाई सम्बन्धित निकायमा क्रमशः समाहित गर्दै कार्यक्रम बाट प्राप्त मुख्य मुख्य उपलब्धी र सिकाईहरु लाई भविष्यमा उपयोग गर्ने गरि नगरपालिका अर्न्तगतका जनशक्ती र आम नागरिक लाई सशक्तीकरण गर्न टेवा पुर्याउनु पर्ने छ।

**अनुसूची २**
**(दफा १२ को (२) सँग सम्बन्धित)**

कोल्हवी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बारा, मधेश प्रदेश, नेपाल

**"महिला तथा बालबालिकालाई लक्षित (विशेष गरि विपन्न तथा दलित) आधारभूत स्वास्थ्य र पोषण स्थितिमा सुधारका लागि विशेष कार्यक्रम" गर्न इच्छुक गैरसरकारी संघ संस्थाको लागि आशयपत्रको निवेदनको ढाँचा**

मितिः .....................

श्री प्रमुख प्रशासकिय अधिकृतज्यू ,
कोल्हवी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बारा, मधेश प्रदेश, नेपाल

**विषयः आशय पत्र पेश गरिएको सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा कोल्हवी नगरपालिकाको आ.व २०८२/८३ को स्वीकृत कार्यक्रम अनुसार महिला तथा बालबालिकाको पोषण तथा आयआर्जन अभिवृद्धि गर्ने उद्देश्यका लागि **"महिला तथा बालबालिकालाई लक्षित (विशेष गरि विपन्न तथा दलित) आधारभूत स्वास्थ्य र पोषण स्थितिमा सुधारका लागि विशेष कार्यक्रम"** कार्यान्वयन गर्न यस ......................... (संस्थाको नाम) ले आशय पत्र पेश गरेको जानकारी अनुरोध छ ।

..................

निवेदक

**आशयपत्रका साथ संलग्न गरिएको कागजातहरु:**

१.

२.

३.

४.

**फारम १: संस्थाको विवरण**

| क.स | विवरणहरु | विस्तृत जानकारी |
|---|---|---|
| १. | संस्थाको नाम | |
| २. | संस्थाको प्रकार | |
| ३. | संयुक्त उपक्रममा प्रस्ताव गरिएको स्थानिय साझेदार संस्थाको नामः | |
| ४. | संस्थाको लक्ष्य र उद्देश्य (विधान अनुसार) | |
| ५. | संस्थाको विधान अनुसार कार्यगत क्षेत्रहरु | |
| ६. | संस्थाको विधान अनुसार भौगोलिक क्षेत्र | |
| ७. | सम्पर्क ठेगाना र सम्पर्क व्यक्ति | ठेगाना :<br>सम्पर्क व्यक्तिको नाम :<br>सम्पर्क व्यक्तिको पद :<br>सम्पर्क नम्बर (मोबाइल) :<br>टेलिफोनः<br>इमेल ठेगाना: : |

| | | | |
|---|---|---|---|
| ८. | दर्ता विवरण | दर्ता नं. | |
| | | दर्ता मिति | |
| | | दर्ता गर्ने निकायकोनाम | |
| | | पछिल्लो नविकरणको बहाल मिति | |
| ९. | समाज कल्याण परिषदसँगको आबद्ध नम्बर, आवद्ध मिति र नविकरण मिति | समाज कल्याण परिषदसँगको आवद्धता नम्बर | |
| | | आवद्धता मिति | |
| | | नविकरण अवधि | |
| १०. | VAT दर्ता नम्बर र मिति | VAT दर्ता नम्बर :<br>VAT दर्ता मिति : | |
| ११. | कर चुक्ता प्रमाणपत्र | छ/छैन<br>कर चुक्ता गरेको पछिल्लो आर्थिक वर्ष: | |
| १२. | पछिल्लो साधारण सभा मिति | | |
| १३. | पूर्णकालिन जम्मा कर्मचारी संख्या: | | |
| १४. | क्षेत्रगत कार्य विशेषज्ञता | | |
| १५. | क्षेत्रगत कार्य अनुभव | | |
| १६. | कार्य सम्पन्न गरेको अनुभव तथा प्रमाणहरु | | |
| १७. | जनशक्तिको विशेषज्ञता | | |

| | | |
|---|---|---|
| १८. | कार्य सम्पादन गर्ने प्रस्तावित तरिका ( मेथोडोलोजी) गुणस्तर- | |
| १९. | ज्ञान तथा प्रविधि हस्तान्तरण | |
| २०. | लेखा प्रणाली र लेखा सफ्टवेर को विवरण | लेखा प्रणालीको नाम :<br>लेखा सफ्टवेरको नाम : |

**फाराम २.२ : संस्था संग हाल रहेको कार्ययोग्य भौतिक सम्पत्ति तथा उपकरणहरुको विवरण**

| क्र.स. | | एकाई | परिमाण | कैफियत |
|---|---|---|---|---|
| १ | | वटा | | |
| २ | | वटा | | |
| ३ | | वटा | | |
| ४ | | वटा | | |
| ५ | | वटा | | |
| ६ | | वटा | | |
| ७ | | वटा | | |
| ८ | | वटा | | |
| ९ | | सेट | | |
| १० | | वटा | | |
| ११ | | वटा | | |
| १२ | | वटा | | |
| १३ | | सेट | | |
| १४ | | वटा | | |

| | | | | |
|---|---|---|---|---|
| १५ | | वटा | | |

**फाराम २.३: सस्थाको कार्यकारी समितिको संरचनाको विवरण**

| क.स. | नम | पद |
|---|---|---|
| १ | | अध्यक्ष |
| २ | | उपाध्यक्ष |
| ३ | | सचिव |
| ४ | | कोषाध्यक्ष |
| ५ | | सह-सचिव |
| ६ | | सदस्य |
| ७ | | सदस्य |

**फाराम २.४ वर्तमान कर्मचारीको विवरण (कृपया विगतको विवरण नराख्नुहोला)**

| क.सं | कर्मचारीको नाम | लैगिंकता | पद | शैक्षिक योग्यता | अनुभव वर्षमा |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |
| ६ | | | | | |
| ७ | | | | | |
| ८ | | | | | |
| ९ | | | | | |
| १० | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ११ | | | | | |
| १२ | | | | | |
| १३ | | | | | |
| १४ | | | | | |
| १५ | | | | | |

**फाराम २.५: विगतका बर्षहरुको बार्षिक वित्तिय कारोबार**

| क.स. | आर्थिक बर्ष | वित्तिय कारोबार रु. |
|---|---|---|
| १ | | |
| २ | | |
| ३ | | |
| ४ | | |
| ५ | | |
| ६ | | |
| ७ | | |
| ८ | | |
| ९ | | |
| १० | | |

**फाराम २.६: विगतका वर्षहरुमा  संस्थाले कार्यक्रम र परियोजना सम्पन्न गरेको अभिलेख (कृपया वर्तमान अनुभवबाट सुरु गर्नुहोस्)**

| क.स. | परियोजनाको नाम | दातृ निकाय | कार्यक्षेत्र | परियोजना जिल्ला र पालिका | सम्झौता अवधि (सुरु मिति, अन्तिम मिति र जम्मा अवधि) | जम्मा सम्झौता रकम |
|---|---|---|---|---|---|---|
| १. | | | | | | |
| २. | | | | | | |
| ३. | | | | | | |
| ४. | | | | | | |
| ५. | | | | | | |
| ६. | | | | | | |
| ७. | | | | | | |
| ८. | | | | | | |
| ९. | | | | | | |
| १०. | | | | | | |

## आशय पत्र पेश सम्बन्धी चेकलिष्ट

| क्र.सं. | विवरण | संलग्न छ/छैन |
|---|---|---|
| १. | आशयपत्र पेश सम्बन्धी निवेदन, | |
| २. | आशय पत्र फारम | |
| ३. | संस्थाको दर्ता, नवीकरण, करचुक्ता, विगत तीन वर्षको लेखापरीक्षण प्रतिवेदन, नियमनकारी निकायको अनुमति पत्र (अनुमतिपत्र लिनुपर्नेको हकमा), | |
| ४. | स्थायी लेखा नम्बर (भ्याट नम्बर), | |
| ५. | संयुक्त उपक्रममा कार्य गर्ने संस्थाहरुको हकमा दुबै संस्था बीचको कार्य जिम्मेवारी खुल्ने सम्झौता पत्रको सक्कल १ प्रति, | |
| ६. | आशय पत्र पेश गर्ने संस्थाको अख्तियार प्राप्त व्यक्तिको नागरिकताको प्रतिलिपी १ प्रति, | |
| ७. | संस्था कालो सूचीमा नपरेको स्वघोषणा पत्रको सक्कल १ प्रति, | |
| ८. | संस्थाको विवरण (प्रोफाईल) | |
| ९. | विगतका वर्षहरुमा समान प्रकृतिको काम गरेको र स्थानको विवरण । | |
| १०. | प्रस्तावित कार्यक्रममा संलग्न हुने प्रमुख जनशक्तिको वैयक्तिक विवरण | |

## अनुसूची ३
**(दफा १३ सँग सम्बन्धित)**

## कोल्हवी  नगरपालिका
## नगरपालिकाको कार्यालय
## बारा, मधेश प्रदेश, नेपाल

### “महिला तथा बालबालिकालाई लक्षित (विशेष गरि विपन्न तथा दलित) आधारभूत स्वास्थ्य र पोषण स्थितिमा सुधारका लागि विशेष कार्यक्रम” संञ्चालन गर्नका लागि आशयपत्रदाताहरुको छनौट सम्बन्धी सूचना ।

प्रथम पटक प्रकाशित मितिः

कोल्हवी नगरपालिकाले मिति.......................................मा ............... पत्रिकामा प्रकाशित “**महिला तथा बालबालिकालाई लक्षित (विशेष गरि विपन्न तथा दलित) आधारभूत  स्वास्थ्य र पोषण स्थितिमा सुधारका लागि विशेष कार्यक्रम**” सञ्चालन गर्नका लागि तपशिल बमोजिमका आशय पत्रदाताहरुको छनौट गरिएको छ । छनौट भएका आशयदाताहरुलाई तोकिए अनुसार  बिस्तृत प्राविधिक र वित्तिय प्रस्ताव पेश गर्नको लागी अनुरोध गरिन्छ ।

### छनौट भएका आशयदाताहरुको सूची

| क.सं. | संस्थाको नाम | ठेगाना |
|---|---|---|
| १ | | |
| २ | | |

| | | |
|---|---|---|
| ३ | | |

यस सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन कार्यालय समय भित्र बिस्तृत प्राविधिक तथा आर्थिक प्रस्ताव पेश गर्न अनुरोध छ। प्राविधिक तथा आर्थिक प्रस्तावको ढाँचा यस नगरपालिकाको वेवसाइट वा कार्यालयवाट प्राप्त गर्न सकिनेछ।

# “महिला तथा बालबालिकालाई लक्षित (विशेष गरि विपन्न तथा दलित) आधारभूत स्वास्थ्य र पोषण स्थितिमा सुधारका लागि विशेष कार्यक्रम” को लागि कार्य विवरण (Terms of Reference)

## १. पृष्ठभूमिः

संघिय सरकारले जनताका आधारभुत आवश्यकता जस्तै शिक्षा, स्वास्थ्य , पोषण आयआर्जन लगायतका बिभिन्न कार्यक्रमहरु स्थानिय सरकार मार्फत संचालन गर्दै आएको छ ।

नेपालको संविधानले सम्पूर्ण जनतालाई निःशुल्क आधारभूत स्वास्थ्य सेवा लाई मौलिक हकको रुपमा सम्वैधानिक व्यवस्था गरेको छ । यसलाई मध्यनजर गर्दै सरकारले देशको बहुआयामी विकासका लागि आधारभूत स्वास्थ्य सेवा मध्ये विशेष गरेर महिला र बालबालिकाको पोषणको अवस्थालाई सुधार गर्न बहुक्षेत्रिय पोषण योजना २०२३–२०३० ले निर्देशित गरे बमोजिम कार्यक्रमलाई स्थानिय सरकारले संचालन गर्दै आएको छ । प्रदेश र स्थानिय सरकारलाई आम जनताको स्वास्थ्य सेवामा अधिकतम पहुँचको लागि प्रदेश सरकार र स्थानिय सरकारलाई विशेष जिम्मेवार छन् । नेपालको बहुआयामी विकासको लागि संघिय संरचना अन्तर्गत संघिय सरकार, प्रदेश सरकार र स्थानिय सरकारको अवधारणा कार्यान्वयन भए देखि बहुक्षेत्रिय पोषण योजनाले निर्देशित गरेको कार्यक्रमको ढांचा, अवधारण र रणनीतिलाई संघिय, प्रदेश र स्थानिय सरकारले कार्यान्वयन पक्षमा धेरै हद सम्म उपलब्धी हासिल गरेको हालका स्वास्थ्य र पोषणका सूचकहरुले पनि पुष्टि गर्दछ ।

नेपाल जनसंख्या तथा स्वास्थ्य सर्वेक्षण प्रतिवेदन २०२२ अनसार अनुरुप नेपालमा ५ वर्ष मुनिका बाल मृत्युदर ३३ प्रति हजार, शिशु मृत्यु दर २८ प्रति हजार र त्यसै गरि नवजात शिशुको मृत्यु दर २१ प्रति हजार छ भने मातृ मृत्यु दर (प्रति लाखमा) १५१ रहेको छ । त्यसै गरि वार्षिक प्रतिवेदन २०७८/७९ अनुसार ७९ प्रतिशत महिलाले संस्थागत सुत्केरी गराउँदछन् भने ७५ प्रतिशतले मात्र दक्ष स्वास्थ्यकर्मीबाट सुत्केरी गराए पनि संस्थागत सुत्केरी शत प्रतिशत नभएसम्म बाल मृत्यु दर र मातृ मृत्यु दर उच्च हुने जोखिम छ ।

नेपालमा रहेको जम्मा जनसंख्यामध्ये ३० प्रतिशतको बसोबास पूर्वी र मध्य तराईमा रहेको छ । त्यसैगरि खाद्य उत्पादनको अवस्थालाई मध्यनजर गर्दा पनि तराई क्षेत्र

उत्पादनको दृष्टिकोणले पनि पर्याप्त रहेको छ । यति हुँदा हुँदै पनि उचित शिक्षाको अभाव, सरसफाई, स्वास्थ्य र पोषणको लागि गरिने खानपानका गलत व्यवहार लगायतका कारणहरुले गर्दा अहिले पनि ५ वर्ष मुनिका बालबालिका, गर्भवती आमा, महिला र किशोर किशोरीको स्वास्थ्य  अवस्था उत्साहजनक छैन ।

अहिले पनि विश्वभर करिब ५३ प्रतिशत बाल मृत्यु दर हुनुको प्रमुख कारणको रुपमा कुपोषण रहेको छ । कुपोषणले शारीरिक तथा मानसिक विकासमा गम्भीर असर पुऱ्याउँदछ। यसले व्यक्तिको सम्पूर्ण जीवनचक्र र पुस्तौं पुस्तासम्म नकारात्मक प्रभाव पार्दछ। गर्भवती अवस्थामा पोषणयुक्त खानाको कमी भएमा बालबालिकामा आजीवन बौद्धिक र शारीरिक कमजोरीका साथै गम्भीर स्वास्थ्य समस्या हुने र बाल्यावस्थामै मृत्यु हुने सम्भावना हुन्छ । २ वर्षमुनिका बालबालिकामा न्यूनपोषणका परिणामहरु प्रायः गम्भीर र स्थायी किसिमका हुने भएकाले भविष्यमा यसले दीर्घकालिन असरहरु निम्त्याउँदछ । २ वर्षभन्दा कम उमेरका बालबालिकामा न्यून पोषणले रोग प्रतिरोधात्मक प्रणालीलाई कमजोर बनाउने हुनाले उनीहरुलाई न्यूमोनिया, झाडापखाला तथा औलोजस्ता रोगहरु लाग्ने जोखिम बढी हुन्छ ।

मातृ , शिशु पोषणको अवस्थामा सुधार ल्याउनका लागि विकास गरिएको बहुक्षेत्रीय पोषण योजनाले निर्धारण गरेका प्रमुख उपलब्धिहरुलाई हासिल गर्ने दिशामा सहयोग गर्नका लागि सुनौला १००० दिनको महत्व र यस अवधिमा ध्यान पुऱ्याउनुपर्ने र पालना गनुपर्ने कुराहरुलाई व्यापक रुपमा घरदैलोसम्म प्रचार प्रसार गरी सकारात्मक व्यवहार परिवर्तन गर्न सुनौला १००० दिनका अवधारणालाई विभिन्न माध्यमबाट अत्यावश्यक पहल गरे पनि सरकारले पूर्णरुपमा निःशुल्क गराएको स्वास्थ्य र पोषण लगायतका सेवाहरुमा मध्यतराईका जिल्लाहरुका आम मानिसको पहुँच सन्तोषजनक छैन ।

राष्ट्रिय स्तरमा विशेष गरि बालबालिकामा हुने पोषण मापन गर्ने अवस्था, पुड्कोपन र कमतौलका आधारमा मापन गरिने भएकोले २०२२ को तथ्याङ्कले पुड्कोपनको अवस्थामा कमी आई २५ प्रतिशत अंकमा, ख्याउटेपन ८ प्रतिशत र कम तौलको अवस्थामा कमी आई १९ प्रतिशत अंकमा रहेको छ। माथिको तथ्याङ्कहरुलाई केलाउँदा पनि विश्व स्वास्थ्य संगठनले लक्षित गरेको पुड्कोपनको लक्ष्यमा पुग्ने सम्भावना देखिन्छ । तर माथिका लक्ष्यसम्म पुग्न पनि महिला र बालबालिकालाई लक्षित समुदायमा आधारित स्वास्थ्य र पोषणमा लक्षित दिगोपनामा आधारित कार्यक्रमका साथै उनीहरुको आयआर्जनको दिगोपनालाई सुनिश्चित गर्नुपर्ने देखिन्छ । यसका

अलावा बहुसंख्यक पुरुषहरु आयआर्जनको लागि विदेश वा स्वदेशमा अन्यसँगै परनिर्भर रहेको परिपक्षेमा सरोकारवालाहरुसँगको आपसी छलफलबाट महिलाहरुको लागि पनि पोषणमा आधारित रहेर आयआर्जनका सिपमूलका कामहरुका साथै महिलाहरुबाट उत्पादित वस्तुहरुका नवितम सोचको समाजिक बजारिकरण गर्नु पनि आवश्यक देखिन्छ । जबसम्म बालबालिका र महिलाहरुको स्वास्थ्य, शिक्षा, पोषण लगायतका कुराहरु आमुल परिवर्तन गर्न सकिँदैन तव सम्म देशको बहुआयमी विकाशको कुरा नारा मै मात्र सिमित हुने कुरामा दुई मत छैन । यसका साथै सरकारले निर्दिष्ट गरेको आधारभूत स्वास्थ्य सेवालाई नागरिकको मौलिकहकको रुपममा निःशुल्क उपलब्ध गराउनु स्थानिय सरकारको प्रमुख जिम्मेवारी पनि हो ।

# परिचयः

मधेश प्रदेशमा अवस्थित कोल्हवी नगरपालिकाको आफ्नै पृथक परिचय छ । कोल्हवी नगरपालिकाको पूर्वमा रौतहट जिल्ला पश्चिममा जितपुर सिमरा उपमहानगरपालिका, कलैया उपमहानगरपालिका र करैयामाई गाउँपालिका, उत्तरमा निजगढ नगरपालिका र दक्षिणमा बारागढि गाउँपालिका र करैयामाई गाउँपालिका रहेका छन् । कुल क्षेत्रफल १५७.४० वर्ग कि.मि. रहेको यस नगरपालिकामा ११ वटा वडाहरु रहेका छन् ।  यस नगर क्षेत्रमा पूर्व पश्चिम राजमार्गबाट ग्रावेल सडक सपहि मार्ग हुँदै प्रवेश गर्न सकिन्छ भने यहाँ नगरपालिका कार्यालय, ईलाका प्रहरी कार्यालय, सशस्त्र प्रहरी कार्यालय, पशुसेवा केन्द्र, स्वास्थ्य केन्द्र र माध्यमिक तहसम्म पढाई हुने सरकारी विद्यालयहरु रहेका छन् ।

राष्ट्रिय जनगणना २०७८ को अनुसार जम्मा १०,५६१ घरधुरी र ५१,१८२ जनसंख्या (४८.६ प्रतिशत पुरुष र ५१.४ प्रतिशत मत्रहिला) यहाँ बसोबास गर्दछन् । यस नगरपालिकामा मुख्य रुपमा थारु समुदायको बसोबास रहेको छ भने अन्य सम्पूर्ण समुदायको मिश्रित रुपमा बसोबास रहेको छ । विशेष गरी यस नगरपालिकामा थारुहरुको बसोबास बढि रहेको र समुदायमा आर्थिक आय आर्जनको लागि विदेशिने व्यवहार रहेको र परिवारले दिने आवश्यक सल्लाहको अभाव, उचित खानपान, व्यवहार र स्वास्थ्यको क्षेत्रमा न्यून जानकारी लगायतका कारणले ५ वर्ष मुनिका बालबालिका, गर्भवती आमा र किशोरीहरुको हकमा स्वास्थ्य र पोषणको स्थिति सन्तोषजनक छैन । त्यसैगरि नसर्ने रोगहरुको संख्या पनि वर्षेनि बढ्दै गएको देखिन्छ

। हाल विश्वमै बिकाराल रुपमा देखिएको कोभिड १९ को माहामारीले गर्दा थप व्यय भार थपिन गई स्थानिय स्तरमा यस्ले बहुपक्षिय आयाममा असर गरेको देखिन्छ ।

हालै गरिएको स्थानिय स्तरको सर्वेक्षणले यस नगरपालिकामा ५ वर्ष मुनिका बालबालिकाको संख्या ४२२१ रहेकोमा स्वास्थ्य संस्थाबाट खोप लिने बालबाालिका संख्या ४०८० जना र वृद्धी अनुगमन गरिएका बालबालिका संख्या २२५५ जना मध्ये कुपोषित बालबालिका संख्या ३२३ जना रहेको देखिन्छ । त्यसैगरि कुल ६७९८ बालबालिका संख्या मध्ये ४०८० बालबालिकाले मात्र खोप लिएको देखिनु संतोषजनक मान्न सकिन्न । अर्को तर्फ ३२३ बालबालिका कुपोषित हुनु पनि सोचनिय अवस्था हो ।

नगरपालिका क्षेत्रमा रहेका स्वास्थ्य संस्थाहरुमा उपलब्ध हुने स्वास्थ्य सेवाहरुको अवस्था हेर्दा पोषण सेवा सबै स्वास्थ्य संस्थाहरुमा, सुरक्षित मातृत्व ६ वटा स्वास्थ्य संस्थाहरुमा र परामर्श सेवा सबै स्वास्थ्य संस्थाहरुमा उपलब्ध रहेको देखिन्छ । हाल स्वास्थ्य संस्थाहरुमा कार्यरत चिकित्सक, स्वास्थ्यकर्मी र अन्य जनशक्ति गरि जम्मा ४७ जना रहेका छन् । आम मानिसको नजिकैको स्वास्थ्य संस्था सम्म आइपुग्ने समय बढिमा आधा घण्टा हुँदा पनि स्वास्थ्य संस्था पुग्ने अवस्था नहुनुले सेवाग्राही र सेवा प्रदान गर्ने बिचको अवस्थालाई प्रष्ट बुझ्न सकिन्छ ।

त्यसैगरि रैथाने पोषणयुक्त खानेकुराको उचित प्रचार प्रसार नहुनु, एउटा किशोरी गर्भवती भएदेखि बच्चा २ वर्षको नहुन्जेल अपनाउनु पर्ने स्वास्थ्य, सरसफाई, आफ्नो र बालबालिकाको खानपान सम्बन्धि व्यवहारको बारेमा उचित जानकारी नहुनु अथवा जानकारी भइकन पनि व्यवहारमा ल्याउन नसक्नु र परिवारको पूर्ण सहयोग नहुनु जस्ता अवस्थाले गर्दा पनि स्वास्थ्य र पोषणको स्थितिमा अपेक्षित सुधार ल्याउन सकिएको छैन । विद्यालय स्तरमा पोषण र स्वास्थ्यलाई शिक्षा, कृषि, पशुपालन, महिला तथा बालबालिकासँग जोडेर गरिने व्यवहार परिवर्तनको कार्यक्रमहरुलाई सहि ढंगले कार्यान्वयन नगर्नुले गर्दा समग्रमा महिला, बालबालिका र किशोरीहरुको स्वास्थ्य पोषण लगायतका कुराहरुमा अपेक्षित नतिजा प्राप्त गर्न सकिएको छैन ।

## २. लक्ष्य तथा उद्देश्यः

### २.१. लक्ष्य

आमा र ५ वर्ष मुनिका बालबालिकाको आधारभूत स्वास्थ्य र पोषणको स्थितीमा सुधार ल्याउन पोषणलाई आयआर्जनको ढांचामा जोडी आधारभूत स्वास्थ्य सेवा र उचित आहार व्यवहार अपनाएको सुनिश्चित गर्ने ।

## २.२. उद्देश्य

यस कार्यक्रमले राखेका निर्दिष्ट उद्देश्यहरु निम्न अनुसार रहेका छन् ।

- आयआर्जन गर्ने सिपको विकास गर्दै महिला तथा बालबालिकाहरुको आर्थिक तथा पोषण अवस्थामा सुधार गर्ने ।
- स्वास्थ्य संस्थाबाट उपलब्ध हुने आधारभूत स्वास्थ्य सेवा तथा सुक्ष्म पोषक तत्व जस्तै बालभिटा, भिटामिन "ए", जुकाको औषधि लगाएतका सेवाको उपभोग बढाई स्वास्थ्य र पोषणको स्थितिमा सुधार ल्याउने ।
- खानेपानी, स्वच्छता तथा सरसफाईको बारेमा जनचेतना अभिवृद्धि गर्ने ।
- स्वस्थ पोषण व्यवहारको विकास गरी व्यक्तिको स्वस्थ जीवनको प्रवर्द्धन गर्ने ।
- अन्तरव्यक्ति संचारको माध्यमबाट दीगो स्वस्थ व्यवहार परिवर्तन गर्ने ।
- आधुनिक प्रविधिको प्रयोग गर्दै पोषण अवस्था सुधार गर्ने ।

## लक्षित समूहः

कोल्हवी नगरपालिकाका गर्भवती र ५ वर्ष मुनिका (विशेष गरेर विपन्न र सिमान्तकृत) बालबालिका, किशोरी तथा आमाह**रु**

प्रस्तावित १ वर्षिय कार्यक्रम मार्फत सञ्चालन गरिने मुख्य क्रियाकलापहरु निम्न अनुसार रहेका छन् । उक्त क्रियाकलापहरु के कति परिमाणमा सञ्चालन गरिने हो, उक्त क्रियाकलापबाट प्रत्यक्ष तथा अप्रत्यक्ष कति परिवारहरु तथा मुल्य श्रृँखलाका पात्रहरु लाभान्वित हुने हुन् स्पष्ट उल्लेख गर्नुपर्नेछ ।

- सरोकारवाला व्यक्ति तथा संस्थाहरुलाई संलग्न गराई छलफल, योजना तर्जुमा, अभिमुखिकरण तथा समिक्षा गोष्ठि संचालन गर्ने ।
- आयआर्जनका लागि सिप मूलक तालिम संचालन तथा व्यवस्थापन गर्ने ।
- पोषण सम्बन्धि प्रर्वद्धनात्मक तालिम तथा कार्यक्रम संचालन गर्ने ।
- विपन्न तथा सिमान्तकृत वर्गलाई लक्षित गरी कार्यक्रम संचालन गर्ने ।
- कुपोषित गर्भवती तथा ५ वर्ष मुनिका बालबालिकाहरुको पोषण अवस्था आवश्यक व्यवस्थापन गर्ने ।
- विद्यालय लक्षित कार्यक्रम संचालन गर्ने ।
- पोषण व्यवहार परिवर्तनका लागि जनचेतना मूलक कार्यक्रम संचालन गर्ने ।
- स्वास्थ्य र पोषण सम्बन्धि प्रचार प्रसार सामाग्री निर्माण, छपाई तथा वितरण गर्ने ।
- कार्यक्रमको दिगोपनाको सुनिश्चित गर्ने ।
- पोषण व्यवहारका लागि नविनतम प्रविधिको प्रयोग गर्ने ।
- सरोकारवालाहरुबाट नियमित अनुगमन तथा मुल्याङ्कन गर्ने ।

**३. कार्यक्रम कार्यान्वयन प्रबन्ध**

प्रस्तावक संस्थाले कार्यक्रम कार्यान्वयन गर्ने प्रक्रिया स्पष्ट रुपमा उल्लेख गर्नुपर्दछ । कार्यक्रमले प्रस्तावित व्यक्ति, घरपरिवारहरुलाई समेट्ने, उनीहरुलाई कार्यक्रमबाट लाभान्वित गराउने, आदि विषय लगायत कार्यान्वयन अवधारणाको प्रक्रिया उल्लेख गर्नुपर्नेछ । संयुक्त उपक्रममा प्रस्ताव पेश गर्नेको हकमा भने सबै पक्षको जिम्मेवारी तथा भूमिका स्पष्ट रुपमा उल्लेख गर्नुपर्नेछ । यसका साथै कार्यक्रम व्यवस्थापन प्रक्रिया तथा समन्वय गर्ने निकायहरुको जिम्मेवारी तथा भूमिका पनि खुलाउनुपर्नेछ ।

**४. आवश्यक जनशक्ति**

यस कार्यक्रम कार्यान्वयनका लागि आवश्यक मानव श्रोत तथा कर्मचारी संख्या ( पूर्णकालिन र अल्पकालिन), उनीहरुको व्यवस्थापन तथा परिचालन प्रक्रियाबारे स्पष्ट उल्लेख गर्नुपर्नेछ ।

## ५. प्रस्तावित कार्यक्षेत्र र लाभान्वित परिवार

यस कार्यक्रम नगरपालिकाका सम्पूर्ण वडाहरुमा सञ्चालन गरिने छ। नगरपालिकाका कुल घरधुरी ....... मध्ये यस कार्यक्रमले प्रत्यक्ष समेट्ने घरधुरीहरु जम्मा ......... हुनेछन् । भने अपत्यक्ष रुपमा ........घरधुरीहरु संलग्न हुनेछन् । यस बाहेक कार्यक्रमले .....महिला र..... बालबालिकाहरुलाई महिला लक्षित बिशेष कार्यक्रम मार्फत समेट्नेछ।

यस कार्यक्रमले को कार्यक्षेत्र तथा लाभान्वित परिवारहरुको विवरण निम्नानुसार रहेकोछ।

| वडा नं | स्थान | जम्मा घरधुरी | कार्यक्रम मार्फत प्रत्यक्ष लाभान्वित घरधुरी संख्या | कार्यक्रम मार्फत अप्रत्यक्ष लाभान्वित घरधुरी संख्या | जम्मा लाभान्वित जनसंख्या |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |
| ६ | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ७ | | | | | |
| जम्मा | | | | | |

## ६. कार्यक्रम अवधिः

यस कार्यक्रमको अवधि १ वर्ष रहने छ । (आ.व. २०८२/८३ देखि २०८३/८४ सम्म)

## ७. अपेक्षित परिणाम

यस कार्यक्रमले लक्षित महिला तथा ५ वर्ष मुनिका बालबालिकाहरुको उचित व्यवहार परिवर्तन गरी स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार ल्याई आधारभूत स्वास्थ्य सेवाको पहुँच सुनिश्चित गरी निम्न विषय क्षेत्रमा परिमाणात्मक तथा गुणात्मक सुधार ल्याएको हुनुपर्नेछ ।

- सरोकारवाला व्यक्ति तथा संस्थाहरुलाई संलग्न गराई छलफल, योजना तर्जुमा, अभिमुखिकरण तथा समिक्षा गोष्ठि संचालन
- आयआर्जनको तालिम प्राप्त गरी व्यक्तिगत वा सामूहिक व्यवसायको व्यवस्थित रुपमा संचालन
- पोषण सम्बन्धि जन समुदायमा जनचेतनाको अभिवृद्धि
- विपन्न तथा सिमान्तकृत वर्गलाई लक्षित गरी आवश्यक तालिम प्रदान
- कुपोषित गर्भवती तथा ५ वर्ष मुनिका बालबालिकाहरुको पोषण अवस्थामा सुधार
- विद्यालयका विद्यार्थीहरुमा आधारभूत स्वास्थ्य तथा पोषण सम्बन्धि ज्ञानमा अभिवृद्धि
- जनसमुदायमा पोषण व्यवहारमा सकारात्मक परिवर्तन

- स्वास्थ्य र पोषण सम्बन्धि सामाग्री निर्माण तथा वितरण
- कार्यक्रमलाई स्थानिय सरकारमा हस्तान्तरण
- प्रविधि मैत्री पोषण कार्यक्रम
- नियमित अनुगमन तथा मुल्याङ्कन

**अनुसूची ४**
**(दफा १३ को ख. सँग सम्बन्धित)**

**कोल्हवी नगरपालिका**
**नगरपालिकाको कार्यालय**
**बारा, मधेश प्रदेश, नेपाल**

**“महिला तथा बालबालिकालाई लक्षित (विशेष गरि विपन्न तथा दलित) आधारभूत स्वास्थ्य र पोषण स्थितिमा सुधारका लागि विशेष कार्यक्रम” संञ्चालन गर्न इच्छुक गैरसरकारी संघ संस्थाको लागि प्राविधिक प्रस्तावको ढाँचा**

१. कार्यक्रमको नामः **महिला तथा बालबालिकालाई लक्षित (विशेष गरि विपन्न तथा दलित) आधारभूत स्वास्थ्य र पोषण स्थितिमा सुधारका लागि विशेष कार्यक्रम**

२. पृष्ठभूमि (प्रस्तावनाको सारसंक्षेप, वर्तमान अवस्था, आवश्यकता र औचित्य)

३. प्रस्तावित कार्यक्षेत्र र लाभान्वित परिवार

४. कार्यक्रमको लक्ष्य र उद्देश्य

५. अपेक्षित उपलब्धी र प्रभाव (अल्पकालिन र दीर्घकालिन)

६. कार्यक्रमको कार्यान्वयन विधि

७. कार्यक्रमका क्रियाकलापहरु

८. कार्यक्रमको व्यवस्थापन

- व्यवस्थापन संरचना

- कार्यक्रमको जनशक्ति र व्यवस्थापन संरचनाको चित्र
- मानवीय संशाधन परिचालन
- कार्यक्रमको कार्ययोजना

९. प्रतिवेदन

१०. अनुगमन तथा मूल्यांकन

११. कार्यक्रमको पारदर्शिता

१२. कार्यक्रमको दिगोपना र हस्तान्तरण

## अनुसूची ५
## (दफा १३ को ख. सँग सम्बन्धित)

## कोल्हवी नगरपालिका
## नगरपालिकाको कार्यालय
## बारा, मधेश प्रदेश, नेपाल

**"महिला तथा बालबालिकालाई लक्षित (विशेष गरि विपन्न तथा दलित) आधारभूत स्वास्थ्य र पोषण स्थितिमा सुधारका लागि विशेष कार्यक्रम" संञ्चालन गर्न इच्छुक गैरसरकारी संघ संस्थाको लागि आर्थिक प्रस्तावको ढाँचा**

- कार्यक्रम सञ्चालन खर्च (तलव, भत्ता तथा कर्मचारी सुविधा, कार्यालय सञ्चालन र व्यवस्थापन, सम्पत्ति खरिद, मसलन्द, आदि)
- कार्यक्रम खर्च (कार्यक्रम क्रियाकलाप कार्यान्वयन खर्च)
- मु.अ.कर तथा अन्य

**अनुसूची ६**
**(दफा २३ सँग सम्बन्धित)**

**कोल्हवी नगरपालिका**
**नगरपालिकाको कार्यालय**
**बारा, मधेश प्रदेश, नेपाल**

## कार्यक्रम सम्झौता

नेपाल सरकार, मधेश प्रदेश अन्तर्गतको कोल्हवी नगरपालिका, कोल्हवी (यस पछि प्रथम पक्ष भनिने) र श्री ..................................................(यस पछि दोस्रो पक्ष भनिने) बीच कोल्हवी नगरपालिकामा "**महिला तथा बालबालिकालाई लक्षित (विशेष गरि विपन्न तथा दलित) आधारभूत स्वास्थ्य र पोषण स्थितिमा सुधारका लागि विशेष कार्यक्रम**" संचालन गर्नका लागि कार्यक्रम अनुगमन तथा समन्वय समितिको मिति २०८२/ / को निर्णयानुसार तपसिल बमोजिमका शर्तनामामा दुबै पक्षको मञ्जुरीका साथ यो सम्झौता पत्रमा हस्ताक्षर गरी एक एक प्रति लियौं, दियौं ।

## तपसिल

१. निम्न लिखित कागजातहरु यस सम्झौताको व्याख्या गर्नका लागि यस सम्झौताको अभिन्न अंगका रुपमा मानिनेछ ।
   क) प्रथम पक्षद्वारा अनुमोदित दोस्रो पक्षबिच पेश गरेको दररेट
   ख) TOR

२. स्वीकृत भएको दररेट र TOR बमोजिम महिला तथा बालबालिकालाई लक्षित (विशेष गरि विपन्न तथा दलित) आधारभूत स्वास्थ्य र पोषण स्थितिमा सुधारका लागि विशेष कार्यक्रम अन्तर्गत संचालन गर्नुपर्ने क्रियाकलापहरु दोस्रो पक्षले गर्नेछ ।

३. यो सम्झौता अनुसार **महिला तथा बालबालिकालाई लक्षित (विशेष गरि विपन्न तथा दलित) आधारभूत स्वास्थ्य र पोषण स्थितिमा सुधारका लागि विशेष कार्यक्रम संचालन** गर्नका लागि मु.अ.क. समेत रु ......................................(अक्षेरुपी रुपैया.................................) मा दोस्रो पक्षले मञ्जुर गरेको छ । उक्त कार्यको भुक्तानी कोल्हवी नगरपालिकाद्वारा राष्ट्रिय योजना आयोगबाट विशेष अनुदान स्वरुप प्राप्त रकमबाट हुनेछ । यस कार्यको लागि स्वीकृत रकमभन्दा बढी खर्च भएमा नगरपालिकाले बढी भएको रकम भुक्तानी दिन बाध्य हुने छैन ।

४. प्रथम पक्षले हरेक वर्ष त्रैमासिक रुपमा चार किस्तामा कार्यक्रम अनुगमन तथा समन्वय समितिको सिफारिसमा दोस्रो पक्षले उपलब्ध गराएको बैंक खातामा पेश्की स्वरुप उपलब्ध गराउनेछ । कुनै विशिष्ट कारणवस स्वीकृत किस्ता अन्तर्गतको रकम निकासा नभएमा प्रथम पक्षले आगामी किस्तामा थप गरी निकासा गर्न सक्नेछ ।

५. "**महिला तथा बालबालिकालाई लक्षित (विशेष गरि विपन्न तथा दलित) आधारभूत स्वास्थ्य र पोषण स्थितिमा सुधारका लागि विशेष कार्यक्रम**" को त्रैमासिक प्रगति प्रतिवेदनका साथै किस्ता रकम अनुसारको मु.अ.क. बिजक दोस्रो पक्षले प्रथम पक्षलाई उपलब्ध गराउनेछ । सो प्रगति प्रतिवेदन र बिजक प्रथम पक्षलाई बुझाइसकेपछि नेपाल सरकारको प्रचलित कानून बमोजिम अग्रिम आयकर कट्टा गरि मात्र भुक्तानी प्रक्रिया अगाडी बढाइनेछ अन्यथा सम्झौताको शर्त नं. ७ अनुसार दोस्रो पक्षलाई कारबाही गरिनेछ ।

६. महिला तथा बालबालिकालाई लक्षित (विशेष गरि विपन्न तथा दलित) आधारभूत स्वास्थ्य र पोषण स्थितिमा सुधारका लागि विशेष कार्यक्रम वि.स. २०८२ श्रावणबाट शुरु गरि वि.स. २०८३ असार मसान्तभित्र सक्नु पर्नेछ । यो अवधि भित्र सो कार्य गर्न नसकेमा प्रथम पक्षलाई मनासिव लागेमा र

विशेष परिस्थितिमा मात्र नियमानुसार म्याद थप हुन सक्नेछ । अन्यथा तोकिएको समयमा नै यो कार्य गर्नुपर्नेछ ।

७. स्वीकृत बजेट अनुसार "**महिला तथा बालबालिकालाई लक्षित (विशेष गरि विपन्न तथा दलित) आधारभूत  स्वास्थ्य र पोषण स्थितिमा सुधारका लागि विशेष कार्यक्रम**" अन्तर्गतको कार्य तोकिएको TOR अनुसार काम नगरेमा, समयमा काम पूरा नगरेमा वा गुणस्तरहिन काम गरेमा प्रथम पक्षले एकतर्फि निर्णय गरी दोस्रो पक्ष र प्रथम पक्ष बिच भएको सम्झौता भंग गर्दै बाँकि किस्ता रोक्का गर्न सक्नेछ । यस्तो निर्णय गर्नुपूर्व सम्बन्धित पक्षलाई सफाई पेश गर्न मौका प्रदान गर्नु पर्नेछ । सम्झौता भंग गरिएमा प्रथमपक्षले दोस्रो पक्षसँग निर्णयानुसार क्षतिपूर्ति लिन, दोस्रो पक्षलाई हर्जाना तिराउन वा जरिवाना गर्न, कालो सूचीमा राख्न, यी मध्ये केही वा सबै कारबाही गर्न र नियमानुसार अन्य कारबाही समेत गर्न सक्नेछ ।

८. दोस्रो पक्षले कार्यक्रमको खर्चको वार्षिक लेखा परीक्षण प्रत्येक आ.व.को समापनपछि नेपालको प्रचलित कानून बमोजिम लेखा परीक्षण गर्न योग्य लेखा व्यवसायीबाट गराउनेछ ।

९. कार्यक्रम समापन पश्चात दोस्रो पक्षले प्रथम पक्षलाई कार्यक्रमको व्यवस्थापन, उपलब्धीहरु र सम्पूर्ण तथ्याङ्कहरु  हस्तान्तरण गर्नेछ ।

१०. यो सम्झौता कार्यान्वयनमा कुनै विवाद आई परेमा दुबै पक्षको आपसी सहमतीमा समाधान गरिनेछ । अन्यथा सार्वजनिक खरीद ऐन २०६३ र नियमावली, २०६४ अनुसार विवाद समाधान गरीनेछ ।

११. यस सम्झौता पत्रमा उल्लेख भएका कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ र प्रचलित ऐन कानूनसँग नबाझिएको हदसम्म यसै अनुसार हुनेछ र अन्य कुराहरु प्रचलित ऐन नियमहरु, सार्वजनिक

खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ र शर्तनामा अनुसार हुनेछ ।

| **दोस्रो पक्ष**<br>**......................................को तर्फबाट सही छाप गर्ने** | **प्रथम पक्ष**<br>**कोल्हवी नगरपालिकाको तर्फबाट सही छाप गर्नेको** |
|---|---|
| दस्तखत :<br><br>नाम :<br>दर्जा :<br>फोन नं. :<br>संस्थाको छाप : | दस्तखत :<br><br>नाम :<br>दर्जा :<br>फोन नं. :<br>कार्यालयको छाप : |

**साक्षीहरुः**

१.

२.

३.

**अनुसूची ७**
**(दफा २४ सँग सम्बन्धित)**

**कोल्हवी नगरपालिका**
**नगरपालिकाको कार्यालय**
**बारा, मधेश प्रदेश, नेपाल**

**कार्यक्रमका क्रियाकलापहरुको प्रगति प्रतिवेदनको ढाँचा**

- कार्यक्रमको पृष्ठभूमी
- लक्ष्य र उद्देश्य
- कार्यक्षेत्र
- कार्यान्वयन प्रक्रिया
- सम्पन्न क्रियाकलापहरु
- उपलब्धि (भौतिक तथा वित्तीय)
- सुधारात्मक पक्ष र सिकाइ
- समस्या (सबल पक्ष, कमजोर पक्ष, अवसर, कार्यक्रम सुचारु संचालनकाका लागि त्रास) र अवलम्बन गरेका समाधानका उपायहरु तथा सवालहरु
- आगामी गतिविधि (संक्षिप्त कार्ययोजना सहित)
- निष्कर्ष

**स्वीकृत मिति : २०८२।०८।०३**
**प्रमाणीकरण मिति: २०८२।०८।०५**

**आज्ञाले,**
**पितानाथ लुइटेल**
**प्रमुख प्रशासकीय अधिकृत**